# नेपाल, गण्डकी प्रदेश, तनहुँ, व्यास नगरपालिका

# स्थानीय राजपत्र

**खण्ड ५, संख्याः २७, माघ २१ गते, २०७८ साल**

व्यास नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको मापदण्ड स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम आम नागरिकको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# भाग २

## वैदेशिक रोजगारबाट फर्किएका उद्यमशील युवाहरुलाई प्रदान गरिने स्वरोजगार कार्यक्रम अनुदान मापदण्ड २०७८

कार्यपालिकाबाट स्वीकृत मितिः २०७८।१०।२०

**प्रस्तावनाः** व्यास नगरपालिका क्षेत्र भित्रका वैदेशिक रोजगारबाट फर्केका युवाहरुलाई विदेशमा आफुले गरेको कामको आधारमा स्वदेशमानै व्यवसाय सञ्चालन गरेका वा गर्नका लागि पूर्वधार तयार गरेका स्वरोजगार उद्यमशीलता सहयोग प्रदान गरी कृषि, पशु लगायत साना घरेलु उद्योग गर्दै आएका र गर्ने योजनामा रहेका यूवाहरुलाई उद्यमशीलताको माध्यमबाट स्वरोजगार सृजना गरी आर्थिक उन्नति गर्न सहज होस् भनी व्यास नगरपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७५ को दफा ४(१) ले प्रदान गरेको अधिकार प्रयोग गरी व्यास नगरपालिका नगर कार्यपालिकाले यो मापदण्ड बनाएको छ ।

### परिच्छेद १
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** यस मापदण्डको नाम "वैदेशिक रोजगारबाट फर्किएका उद्यमशील युवाहरुलाई प्रदान गरिने स्वरोजगार कार्यक्रम अनुदान मापदण्ड, २०७८" रहेको छ ।

(२) यो मापदण्ड व्यास नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागु हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,

(क) “उपप्रमुख” भन्नाले व्यास नगरपालिकाको नगर प्रमुख सम्झनु पर्छ ।
(ख) “कार्यपालिका” भन्नाले व्यास नगरपालिकाको नगर कार्यपालिका सम्झनु पर्छ ।
(ग) “नगरपालिका” भन्नाले व्यास नगरपालिका सम्झनु पर्छ ।
(घ) “सदस्य” भन्नाले यस मापदण्डको दफा नं.८ मा रहेको समितिको सदस्य सम्झनु पर्छ ।
(ङ) “प्रमुख” भन्नाले व्यास नगरपालिकाको नगर प्रमुख सम्झनु पर्छ ।
(च) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले व्यास नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।
(छ) “रिर्टनी” भन्नाले वैदेशीक रोजगारबाट नेपाल फर्किएका नेपाली कामदार सम्झनु पर्छ ।
(ज) “वैदेशिक रोजगारबाट फिर्ता” भन्नाले रोजगारीको शिलसिलामा भारत लगायत अन्य देशमा काम गरी स्वदेशमा फिर्ता भएका रोजगारदाता भन्ने सम्झनु पर्छ ।
(झ) “शाखा” भन्नाले नगरपालिका अर्न्तगतका कृषि, पशु, उद्योग पर्यटन, महिला तथा वालबालिका शाखा एवं उपशाखा सम्झनु पर्छ ।
(ञ) “सामी” भन्नाले सुरक्षित आप्रवासन कार्यक्रम सञ्चालन गर्नका लागि बनेको संस्था सम्झनु पर्छ ।
(ट) “संयोजक” भन्नाले यस मापदण्डको दफा नं.८ मा रहेको समितिको संयोजक सम्झनु पर्छ ।
(ठ) “व्यवसाय” भन्नाले स्वरोजगार सृजना गरी आय आर्जन गर्ने कार्य सम्झनु पर्छ ।

## परिच्छेद २
## उद्देश्य तथा कार्यक्षेत्र सम्बन्धी व्यवस्था

३. **उद्देश्यः** नगरपालिकाको कुल जनसंख्याको करिव १०.८० प्रतिशत भन्दा बढी जनसंख्या वैदेशिक रोजगारमा रहेको तथ्यांक उल्लेख भएको पाइन्छ । हाल केही वर्षयता विश्वभर फैलिएको कोभिडका कारण वैदेशिक रोजगारमा गएकाहरु स्वदेश फर्की आफूले प्राप्त गरेको सिप प्रयोग गरी रोजगार सृजना गरेका र गर्न खोजेको पाइन्छ । उनीहरुले आफुले रोजेको र आफुसँग भएको ज्ञानलाई प्रयोग गरी व्यवसाय सञ्चालन गर्न नगरपालिकाबाट केही बिऊ पूँजीको रुपमा आर्थिक सहयोग प्राप्त भएमा त्यस्ता उद्यामीहरुले आय आर्जन गर्न सक्नेछन् भने समग्र नगरपालिकालाई समेत उद्योग, कृषि, पशुपंक्षी पालन र स-साना घरेलु उद्योग सञ्चालन गरी आफ्नो नगरपालिकामा बिक्री वितरण गर्न सक्ने छन् भन्ने अपेक्षा राखिएको छ ।

४. **अनुदान सहयोग कार्यक्रमका क्षेत्रहरुः**

**(क) कृषि विकास तर्फ**

(१) सामुहिक वा एकल रुपमा तरकारी खेती, फलफूल खेती र माछा पालन व्यवसाय सञ्चालन गरी व्यवसायिक रुपमा गर्दै आएका रिर्टनी युवाहरु यो अनुदान नीति भित्र पर्दछन् । साथै यसरी कृषि व्यवसाय सञ्चालन गर्दा कम्तिमा २ रोपनीभन्दा बढी क्षेत्रफलको जग्गामा व्यवसाय सञ्चालन गरेको हुनु पर्नेछ ।

(२) एकल रुपमा समेत ठूलो मात्रामा माथि उल्लेखित मध्ये कुनै व्यवसाय गरी वडास्तरमा उदाहणीय रुपमा व्यवसाय सञ्चालन गरी व्यवसायिक रुपमा गर्दै आएका वा गर्ने योजना तयार गरेका यूवाहरु समेत यो अनुदान नीति भित्र पर्दछन् ।

**नोटः** यस कार्यक्रम तर्फ अनुदानका लागि कृषि सिंचाईका लागि पाइप, विद्युत मिटर, यन्त्रीकरण, सिंचाईका लागि ट्यांकी निर्माण र टनेल निर्माण जस्ता सामग्री खरिद तथा निर्माणमा लगानी हुनेछ । साथै अनुदान प्राप्त गर्नका लागि नगरपालिकामा अनिवार्य व्यवसाय दर्ता गरेको हुनु पर्दछ भने दर्ता भएको वा गरेको हकमा बढीमा १ वर्ष अगाडिबाट उक्त व्यवसाय दर्ता गरी सञ्चालन गर्दै आएको भएमा पनि सो उद्यमी यस अनुदान कार्यक्रममा सहभागी हुन पाउने छ ।

**(ख) पशु पंक्षी पालन तर्फ**

(१) सामुहिक रुपमा बाखा, खरायो, बंगूर, गाई भैसी तथा कुखुरा पालन व्यवसाय सञ्चालन गरी व्यवसायिक रुपमा व्यवसाय गर्दै आएका वा गर्ने कार्य योजना पेश गरेका यूवाहरु यो अनुदान नीति भित्र पर्दछन् ।

(२) सामुहिक रुपमा मात्र नभई एकल रुपमा बाखा पालन भएमा १५ वटाभन्दा बढी बाखा वा बंगूर पालन भएमा, १० वटाभन्दा बढी गाई वा भैसी पालन र कुखुरा, हाँस जस्ता पंछी पालन व्यवसाय सञ्चालन गरेको भए २०० भन्दा बढी पालन गरी व्यवसाय गर्दै आएका वा गर्ने कार्य योजना पेश गरेका रिर्टनी यूवाहरुहरु यो अनुदान नीति भित्र पर्दछन् । यसरी उल्लेखीत पशुपंक्षीहरुको गणना गर्दा माउ बनेका वा बन्न तयार भएकालाई सिफारिस समितिको निर्णय बमोजिम कायम हुनेछ ।

**नोटः** यस अनुदान तर्फ खोर तथा गोठ सुधार, यान्त्रीकरण, उन्नत पशु खरिद पहूँचको अवस्था सुधार जस्ता क्षेत्रमा लगानी गर्नु पर्नेछ । साथै अनुदान प्राप्त गर्नका लागि नगरपालिकामा अनिवार्य व्यवसाय दर्ता गरेको हुनु पर्दछ

**(ग) साना घरेलु उद्योग तर्फ**

(१) रिटर्नि युवाहरुले तालिम प्राप्त गरी घरेलु हस्तकला लगायत अन्य व्यवसाय जस्तैः उनी झोला, मुडा निर्माण, अगरबत्ती उद्योग, मैन बत्ती उद्योग, दालमोट, भुजिया तथा अचार उद्योग जस्ता स्थानीय कच्चा माल सामानबाट उत्पादित उद्योग पर्दछ ।

(२) रिटर्नि युवाहरुले तालिम प्राप्त गरी सिलाई बुनाई व्यवसाय, सौन्दर्य व्यवसाय, छाला जुत्ता चप्पल उद्योग, फलामका भाडा निर्माण उद्योग, ग्रिल उद्योग, वर्कसप एवं ग्यारेज उद्योग र वातावरणमैत्री झोला निर्माण जस्ता परम्परागत सामान उत्पादित उद्योग पर्दछ ।

**नोटः** यस अनुदान प्राप्त गर्नका लागि नगरपालिकामा अनिवार्य व्यवसाय दर्ता गरेको हुनु पर्दछ भने दर्ता नभएको वा नगरेको हकमा कम्तिम १ बर्ष

अगाडिबाट उक्त व्यवसाय सञ्चालन गर्दै आएको भए तापनि व्यवसाय दर्ता गर्नु पर्दछ ।

**(घ) व्यापार तथा व्यवसाय क्षेत्र तर्फ**

(१) नगर क्षेत्र भित्र स-साना होटल व्यवसाय, किराना पसल, इलोक्ट्रोनिक एवं मोवाइल मर्मत पसल, स-साना कस्मेटिक पसल जस्ता व्यवसाय, तरकारी फलफूल पसल, माछा मासु पसल सञ्चालन गरेको वा गर्नका लागि कार्य योजना बनाई पेश भई नगरपालिकामा व्यवसाय अनिवार्य दर्ता गर्नु पर्दछ ।

**नोटः** यस अनुदान प्राप्त गर्नका लागि नगरपालिकामा अनिवार्य व्यवसाय दर्ता गरेको हुनु पर्दछ भने दर्ता नभएको वा नगरेको हकमा कम्तिमा १ वर्ष अगाडिबाट उक्त व्यवसाय सञ्चालन गर्दै आएको भए तापनि व्यवसाय दर्ता गर्नु पर्दछ ।

## परिच्छेद ३

## अनुदान सहयोगको सिमा तथा आवश्यक कागजपत्रहरु सम्बन्धी व्यवस्था

### ५. अनुदान तथा लगानीको सिमाः

(क) वैदेशिक रोजगारबाट फर्केका यूवाहरुलाई यो लक्षित अनुदान प्रदान गर्दा प्रति उद्यम वा प्रति रोजगार बढीमा रु.१ लाखसम्म बजेट उपलब्ध गराइने छ ।

(ख) रिटर्नी यूवा उद्यमशीलता सहयोग कार्यक्रमको अनुदान प्रदान गर्दा दलित जनजाति र गरिव तथा पिछाडिएका वर्ग र क्षेत्रलाई प्राथमिकता दिइने छ ।

(ग) व्यवसायी यूवाहरुलाई अनुदान प्रदान गर्दा अनिवार्य रुपमा स्थलगत निरीक्षण गरी वडा समितिले सिफारिस गर्नु पर्नेछ ।

(घ) यसरी सहयोग एवं अनुदान प्रदान गर्दा स्वयं रोजगारदाताको बैंक खातामा रकम हस्तान्तरण गरिने छ । नगदको रुपमा सहयोग उपलब्ध गराइने छैन ।

(ङ) नगरपालिकाद्वारा प्रदान गरिएको सहयोग रकमबाट आफूले खर्च गरेको वस्तु वा सामानको बिल भरपाई सहयोग प्राप्त गर्दाका बखत अनिवार्य रुपमा पेश गरेर मात्र सहयोग प्रदान गरिने छ ।

(च) आफू बैदेशिक रोजगारमा रही कार्य गर्दा आफुले प्राप्त गरेको सिप विकासको प्रमाण पत्र पेश गरी सोही पेशा व्यवसाय सञ्चालन गर्ने यूवालाई थप प्रोत्साहन उपलब्ध गराइने छ ।

(छ) नगरपालिकामा सञ्चालन भएको सुरक्षित आप्रवास (सामी) कार्यक्रम वा आप्रवासी कामदार हकहित संरक्षण केन्द्रको सदस्य प्राप्त गरी सिफारिस भई आउनु पर्नेछ । साथै व्यवसाय सञ्चालनका लागि अनुदान प्राप्त गर्नु अगाडि नगरपालिका तथा सामी कार्यक्रमबाट प्रदान गर्ने तालिम प्राप्त गरेको हुनु पर्नेछ ।

(ज) यस अनुदान प्राप्त गर्नका लागि वैदेशिक रोजगारबाट फर्केको १० वर्ष भन्दा बढी अवधिकोलाई यस कार्यक्रममा समावेश गरिने छैन । तर ३ वर्षभन्दा बढी समयदेखि निरन्तर व्यवसाय गर्दै आएको रहेछ भने व्यवसाय प्रवर्द्धनका लागि अनुदान दिन सकिने छ ।

### ६. अनुदान प्राप्त गर्नका लागि आवश्यक कागज पत्रहरु

(क) व्यवसाय दर्ताको प्रमाण पत्रको प्रतिलिपि ।
(ख) रोजगारदताको शैक्षिक योग्यता तथा नेपाली नागरिकता प्रमाण पत्र प्रतिलिपि ।
(ग) व्यवसाय गर्ने जग्गाको लालपूर्जा एवं जग्गाधनी प्रमाण पूजाको प्रतिलिपि वा करार सम्झौता पत्र ।
(घ) तालिम प्राप्त गरेको भए तालिमको प्रमाण पत्रको प्रतिलिपि ।
(ङ) वडा समितिको सहयोग प्रदान गर्ने उपयुक्त भएको सिफारिस ।
(च) नगरपालिकाद्वारा तयार गरिएको निश्चित ढाँचाको फाराम ।
(छ) आफूले गर्न चाहेको उद्यमशीलताको कार्य योजना ।
(ज) वैदेशिक रोजगारमा गएको पासपोर्टको प्रतिलिपि ।
(ज) निवेदन ।

परिच्छेद ४

<u>अनुदान प्रदान गर्ने विधि एवं शर्तशरु सम्बन्धी व्यवस्था</u>

**७. अनुदान प्राप्त तथा अनुदान उपलब्ध गर्ने विधिः**

(क) नगरपालिकाको सम्बन्धित शाखाले आवश्यक कागज पत्रको अध्ययन गरी शाखाको राय सहित वैदेशिक रोजगारबाट फर्केका यूवाहरुलाई अनुदान प्रदान गर्ने सिफारिस समिति समक्ष पेश गरी समितिले प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गरिने छ र प्रमुख प्रशासकीय अधिकृतले नगर कार्यपालिका समक्ष अन्तिम सिफारिस सहितको राय पेश भए पश्चात् कार्यपालिका वोर्डको निर्णयबाट अनुदान प्राप्त गर्न मान्य हुनेछ ।

(ख) नगर कार्यपालिकाबाट सदर भए पश्चात् निज व्यवसायीको कार्य प्रगतिका आधारमा एकै वा २ किस्तामा अनुदान रकम प्रदान गरिने छ । व्यवसायको अनुगमन गरी उपयुक्त देखिएमा एकै किस्तामा समेत सहयोग रकम उपलब्ध गराउन बाधा पर्ने छैन ।

(ग) यस अनुदान कार्यक्रममा सहभागी हुनका लागि २५ वर्ष पूरा भई ५० वर्ष ननाघेको हुनु पर्नेछ ।

**८. अनुदान सम्बन्धी अन्य शर्तहरुः**

(क) नगरपालिकाद्वारा प्रदान गरिएको अनुदान रकमको उद्देश्य विपरीत खर्च गरेमा वा रकमको दुरुपयोग गरेको अनुगमनको क्रममा देखिएमा आफूले प्राप्त गरेको अनुदान रकमको नियमानुसार ब्याज सहित रकम फिर्ता गर्नु पर्नेछ वा सरकारी बाँकी सरह असुल उपर गरिने छ ।

(ख) कुनै पनि अनुदान प्राप्त गर्ने व्यवसायीले अनुदान प्राप्त गरे पश्चात् उक्त व्यवसाय निरन्तर रुपमा कम्तिमा ३ वर्ष सम्म सञ्चालन गर्नु पर्नेछ ।

(ग) अनुदान प्राप्त गर्नका लागि नगरपालिका क्षेत्र भित्र स्थायी रुपमा बसोबास गरेको हुनु पर्नेछ । तर ५ वर्षभन्दा बढी अवधि अस्थायी रुपमा बसोवास गरेको प्रमाण पेश गरेमा यस सहयोग कार्यक्रममा सहभागी गराउन बाधा पर्ने छैन ।

(घ) यस सहयोग कार्यक्रम नगरका रिटर्नीहरुलाई प्रदान गर्दा सामान्यता सबै वडाहरुलाई समेट्ने गरी माग निवेदन संख्याको आधारमा छनौट गरी समानुपातिक रुपमा सहयोग उपलब्ध गराइने छ ।

(ड) नगरपालिका क्षेत्रका वैदेशिक रोजगारबाट फर्केका यूवाहरुलाई प्रदान गरिने यूवा लक्षित स्वरोजगार कार्यक्रमको अनुदान नीति एवं मापदण्ड २०७८ नगर कार्यपालिकाको निर्णयबाट स्वीकृत गरिने छ ।

(च) अनुदान माग गर्दा न्यूनत्तम १५ दिनको सार्वजनिक सूचना प्रकाशित गरिने छ ।

(छ) वैदेशिक रोजगार भन्नाले भारत लगायतका देशमा रही रोजगार गरी फर्केका नागरिक भन्ने बुझाउनेछ ।

## परिच्छेद ५
## समिति गठन र बैठक सम्बन्धी व्यवस्था

९. **समिति गठन:** (१) वैदेशिक रोजगार रिटर्नी अनुदान उपलब्ध गराउनका लागि देहाय बमोजिमका सदस्य रहने गरी ९ जनाको एक सिफारिस समिति रहने छ ।

(क) प्रमुख -संयोजक
(ख) उपप्रमुख -सदस्य
(ग) प्रमुख प्रशासकीय अधिकृत -सदस्य
(घ) कार्यपालिका सदस्यहरुमध्ये १ महिला सहित २ जना -सदस्य
(ड) उद्योग तथा पर्यटन शाखा प्रमुख -सदस्य
(च) कृषि तथा पशु विकास शाखा प्रमुख -सदस्य
(छ) महिला बालबालिका तथा समाज कल्याण उपशाखा प्रमुख -सदस्य
(ज) सामी कार्यक्रम सम्पर्क व्यक्ति -सदस्य सचिव

(२) आवश्यक व्यक्तिलाई आमन्त्रित गर्न सकिने छ ।

१०. **सिफारिस समितिको बैठक:** (१) बैठकको निर्णय सामान्यतया सर्वसम्मतिबाट गरिने छ । सर्वसम्मति कायम हुन नसकेमा अध्यक्ष समेतको बहुमतको निर्णयलाई सिफारिसको निर्णय मानिने छ ।

(२) सिफारिस समितिको बैठकको काम कारबाही तथा निर्णय अध्यक्ष वाहेक अन्य कुनै पद रिक्त भएको वा कुनै सदस्यको अनुपस्थित भएको कारणले मात्र अमान्य हुने छैन ।

११. **सिफारिस समितिको काम, कर्तव्य र अधिकार:** (१) बैठकबाट पारित निर्णयहरु कार्यान्वयका लागि सिफारिस गर्ने,

(२) वैदेशिक रोजगारबाट स्वदेश फिर्ता भई उद्योग व्यवसाय सञ्चालन गरेका वा गर्न चाहनेहरुको परिचान गरी अनुदानका लागि कार्यपालिकमा सिफारिस गर्ने,

(३) वैदेशिक रोजगारबाट स्वदेश र्फिता भई उद्योग व्यवसाय सञ्चालन गरेका वा गर्न चाहनेहरुका लागि आवश्यक सिप तथा क्षमता विकास सम्बन्धी तालिम सञ्चालन गर्न सिफारिस गर्ने,

(४) अनुदान एवं सहयोग रकमका लागि नेपाल सरकार, प्रदेश सरकार लगायत अन्य सरोकारवाला संघ संस्थासँग समन्वय गरी अनुदान रकमको व्यवस्था गर्ने र गर्न सिफारिस गर्ने,

(५) अनुदान सहयोगको मापदण्डको समय समयमा संशोधन एवं परिमार्जनका लागि नीति तथा कार्यक्रम निर्माण गर्ने,

## वैदेशिक रोजगारबाट फर्किएका उद्यमशील यूवाहरुले स्वरोजगार अनुदान प्राप्त गर्नका लागि पेश गर्ने दरखास्त फाराम

## तपसिलका विवरणहरु

(१) निवेदकको नाम थर: ..............................................
(२) निवेदकको स्थायी ठेगाना: ..............................................
(३) निवेदकको हालको ठेगाना: ..............................................
(४) व्यवसायको नाम: ..............................................
(५) व्यवसाय भएको ठेगाना: वडा नं. .....टोल: ................................
(६) व्यवसायको प्रकृति: कृषि व्यवसाय /पशुपंक्षी व्यवसाय /घरेलु उद्योग (चिन्ह लगाने)
(७) उत्पादन हुने वस्तु: ..............................................
(८) अनुमानित उत्पादन हुने परिमाण: ..........................
(९) व्यवसाय सञ्चालन भएको कुल क्षेत्रफल: ..................
(१०) व्यवसायमा संलग्न सदस्यहरु: (क) महिला: .......... ख) पुरुष: ........... जम्मा: .....
(११) व्यवसायको प्रकृति: नयाँ/पुरानो **(चिन्ह लगाने)**
(१२) कुन देशमा काम गरी फर्किएको देशको नाम: ..............................................
(१३) विदेशमा काम गरेको अनुभव एवं तालिम: ..................................................
(१४) व्यवसायमा कुल लगानी (क) रु...........
(ख) अनुदान माग गरेको रु. ...............
जम्मा रु. ..........
(१५) स्वयं आफै बिक्री गर्न सकिने/बजारमा लैजान नसकिने **(चिन्ह लगाने)**

निवेदकको दस्तखत:
मिति:
सम्पर्क नं.:

आज्ञाले
डिल्लीराम सिग्देल
प्रमुख प्रशासकीय अधिकृत